# इस्लाममा विवाहको महत्व र त्यसका विधिहरू

[ **नेपाली -** Nepali - نيبالي ]

**लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**संशोधकः मुहम्मद इदरीस सलफी**

2014 - 1435

IslamHouse.com

# أهمية الزواج في الإسلام ومسائله

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

**पुस्तक पाइने ठेगाना -:**

**□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**
**व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**
**सम्पर्क नं. ००९७७-९८४७०३०७८०**
**९८१४४९९१४०**

**□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया**

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैंयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैंयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा विवाहको बारेमा विस्तारले जानकारी गराइएको छ, र त्यसका विधिहरू र समस्याहरूको बारेमा पनि प्रमाण सहीत वर्णन गरिएको छ ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि

मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र  मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्  (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9814499140**

विवाह र निकाह दुवैको अर्थ एउटै हो , दुवैले एउटै अर्थलाई दर्शाउँछन् र विवाहको अर्थ हो: यस्तो सम्बन्ध र प्रतिबद्धता जसद्वारा स्त्री र पुरुष एक आर्काको लागि हलाल भइहाल्छन् ।

## विवाहको हुकुम

इस्लामीय शास्त्रका विद्वानहरूको भनाई अनुसार विवाह गर्नु वैधानिक कार्य हो, तर परिस्थिति अनुसार यसको हुकुम पनि परिवर्तित भइहाल्छ । संक्षेपमा यो बुझ्नुस् कि जुन मान्छे विवाह गर्ने आर्थिक र शारीरिक शक्ति राख्छ र त्यसलाई विवाह नगरेको खण्डमा व्यभिचार वा बलात्कार जस्तो महापापमा पर्ने आशंका छ भने यस्तो मान्छेमाथि विवाह गर्नु वाजिब अर्थात अनिवार्य छ । र यदि कुनै यस्तो मान्छे छ जुन शारीरिक र आर्थिक क्षमता एवं सामर्थ्य राख्छ तर त्यसलाई व्यभिचार र बलात्कारमा पर्ने कुनै आशंका छैन भने त्यसको लागि विवाह गर्नु सुन्नत छ ।
र यदि कुनै मान्छेसित शारीरिक र आर्थिक क्षमता एवं सामर्थ्य त छ तर त्यो साहवासको

अभिलाषी छैन भने त्यसको लागि विवाह गर्नु जायज छ । जस्तोकि विरामी मान्छे वा ठूलो आयु भएको मान्छे .... आदि ।
र यदि कुनै यस्तो मान्छे छ कि जुन महिलालाई दु:ख दिनको लागि वा कष्टमा पार्नको लागि विवाह गरोस् भने यस्तो मान्छेको लागि विवाह गर्नु हराम अर्थात वर्जित छ । र यदि कुनै यस्तो मान्छे छ जुन विवाहको अभिलाषी छ तर कुनै कारणवश त्यो विवाह गर्नुबाट असमर्थ छ भने त्यो व्रत बसोस् ।

# विवाह गर्नुमाथि केही प्रमाणहरू

अल्लाहको फर्मान छ :

﴿ وَإِنْ خِفْتُمْ أَلَّا تُقْسِطُوا۟ فِى ٱلْيَتَٰمَىٰ فَٱنكِحُوا۟ مَا طَابَ لَكُم مِّنَ ٱلنِّسَآءِ مَثْنَىٰ وَثُلَٰثَ وَرُبَٰعَ ۖ فَإِنْ خِفْتُمْ أَلَّا تَعْدِلُوا۟ فَوَٰحِدَةً أَوْ مَا مَلَكَتْ أَيْمَٰنُكُمْ ۚ ذَٰلِكَ أَدْنَىٰٓ أَلَّا تَعُولُوا۟ ﴿٣﴾ وَءَاتُوا۟ ٱلنِّسَآءَ صَدُقَٰتِهِنَّ نِحْلَةً ۚ فَإِن طِبْنَ لَكُمْ عَن شَىْءٍ مِّنْهُ نَفْسًا فَكُلُوهُ هَنِيٓـًٔا مَّرِيٓـًٔا ﴿٤﴾ ﴾ النساء: ٣ - ٤

अर्थ : यदि तिमीलाई यस कुराको भय छ कि तिमीले अनाथ बालिकाहरूसित विवाह गरेर तिनीहरूसित न्याय गर्न सक्दैनौ भने, तिनी बाहेक तिमीले मन पराएको अन्य दुई, तीन वा चारसंग निकाह गरीहाल र यदि यस कुराको भय छ कि सबै स्वास्नीहरूसँग समान न्यायपूर्ण व्यवहार गर्न सक्दैनौ भने त एउटै स्वास्नी प्रयाप्त छ। अथवा तिम्रो स्वामित्वमा रहने दासी । यो सम्भव छ यसबाट तिमीहरू अन्याय गर्नबाट बाँच्न सक्दछौ । र स्वास्नीहरूलाई तिनका महर राजी खुशीपूर्वक दिईहाल तर हो, यदि तिनीहरू आफ्नै राजिखुशीले केही अंश छाडिदिन्छन् भने खुशीपूर्वक त्यसलाई खान-पिन गर । ( सूरतुन् निसा ३,४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَأَنكِحُوا۟ ٱلْأَيَٰمَىٰ مِنكُمْ وَٱلصَّٰلِحِينَ مِنْ عِبَادِكُمْ وَإِمَآئِكُمْ ۚ
إِن يَكُونُوا۟ فُقَرَآءَ يُغْنِهِمُ ٱللَّهُ مِن فَضْلِهِۦ ۗ وَٱللَّهُ وَٰسِعٌ عَلِيمٌ
﴿٣٢﴾ وَلْيَسْتَعْفِفِ ٱلَّذِينَ لَا يَجِدُونَ نِكَاحًا حَتَّىٰ يُغْنِيَهُمُ ٱللَّهُ مِن
فَضْلِهِۦ ۗ وَٱلَّذِينَ يَبْتَغُونَ ٱلْكِتَٰبَ مِمَّا مَلَكَتْ أَيْمَٰنُكُمْ
فَكَاتِبُوهُمْ إِنْ عَلِمْتُمْ فِيهِمْ خَيْرًا ۖ وَءَاتُوهُم مِّن مَّالِ ٱللَّهِ ٱلَّذِىٓ
ءَاتَىٰكُمْ ۚ وَلَا تُكْرِهُوا۟ فَتَيَٰتِكُمْ عَلَى ٱلْبِغَآءِ إِنْ أَرَدْنَ تَحَصُّنًا
لِّتَبْتَغُوا۟ عَرَضَ ٱلْحَيَوٰةِ ٱلدُّنْيَا ۚ وَمَن يُكْرِههُّنَّ فَإِنَّ ٱللَّهَ مِنۢ بَعْدِ
إِكْرَٰهِهِنَّ غَفُورٌ رَّحِيمٌ ﴿٣٣﴾ ﴾ النور: ٣٢ - ٣٣

अर्थ : र तिमीहरू मध्ये जो स्त्री, पुरुष अविवाहित छन् उनको विवाह गरिदिने गर, र आफ्ना गुलाम र दासीहरूको पनि जो नेक छन् (निकाह गरिदेने गर) र उनीहरू यदि गरिब छन् भने अल्लाहले उनीहरूलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ, र अल्लाह धेरै सुविधा दाता सर्वज्ञ छ । र जसले विवाहको अवसर पाइराखेका छैनन् उनीहरूले सच्चरित्र रहनु आवश्यक छ । यहाँसम्म कि अल्लाहले आफ्नो अनुग्रहबाट उनीहरूलाई समृद्ध गरिहालोस् । र तिम्रो दासहरू

मध्ये जसले तिमीलाई केही दिएर स्वतन्त्र भएको लिखत गराउन चाहन्छ, भने तिमी उनीहरूलाई भद्र र नेक पाउँछौ भने उनीहरूसित मुकातबत् (मालिक र दासबीच स्वतन्त्रता सम्बन्धी सम्झौता) गरिहाल र अल्लाहले जुन सम्पति तिमीलाई प्रदान गरेको छ त्यसमध्येबाट उनीहरूलाई पनि देऊ र आफ्नो दासीहरूलाई यदि उनीहरू पवित्र रहन चाहन्छिन्, भने सांसारिक जीवनको फाइदा प्राप्त गर्नको निम्ति उनीहरूलाई व्यभिचारको लागि बाध्य नगर्नु । र जसले उनलाई बाध्य गर्ने छ त निश्चय नै उनीहरूलाई बाध्य गरिए पश्चात अल्लाहले उनीहरूको यस गल्तीको लागि क्षमा प्रदान गर्नेवाला छ । ( सूरतुन्नूर ३२,३३ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

﴿ وَمِنْ ءَايَـٰتِهِۦٓ أَنْ خَلَقَ لَكُم مِّنْ أَنفُسِكُمْ أَزْوَٰجًا لِّتَسْكُنُوٓا۟ إِلَيْهَا وَجَعَلَ بَيْنَكُم مَّوَدَّةً وَرَحْمَةً ۚ إِنَّ فِى ذَٰلِكَ لَـَٔايَـٰتٍ لِّقَوْمٍ يَتَفَكَّرُونَ ﴿٢١﴾ ﴾ الروم: ٢١

अर्थ : र (यो पनि) उसको निशानीहरूमध्ये हो कि उसले तिम्रै सहजातिबाट तिम्रो लागि जोडी ( स्वास्नीहरू) सृष्टि गऱ्यो, ताकि तिमी उनीबाट आराम प्राप्त गर र उसले तिम्रो बीचमा प्रेम र

सहानुभूति सृष्टि गऱ्यो, निश्चयनै यसमा धेरै निशानीहरू छन्, उनको लागि जो सोचविचार गर्दछन् । ( सूरतुर्रूम २१ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : हे नवयुवक समूह तिमी मध्ये जो पनि विवाह गर्ने शक्ति आफूभित्र पाउँछ त्यो विवाह अवश्य गरोस् किनकि विवाह दृष्टिलाई तल राख्छ र गुप्ताङ्गको रक्षा गर्छ, र जसलाई विवाह गर्ने शक्ति नहोस् त्यो व्रत बसोस् ...। ( बुखारी मुस्लिम )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : तिमीहरू धेरै माया गर्नेवाली र धेरै बच्चा जन्माउनेवाली स्त्रीसित विवाह गर, किनकि म प्रलयको दिन आफ्नो उम्मतको संख्यामाथि गर्व गर्नेछु । ( अहमदले यस हदीसलाई वर्णन गर्नु भएछ र इब्ने हिब्बानले यस हदीसलाई सही भन्नु भएछ )

# विवाहका फाइदाहरू

१- विवाहद्वारा मानवजातिको बढोत्तरी हुन्छ, जुन अल्लाहले निर्धारित गरेको समय सम्म प्रगतिशील नै रहने छ, त विवाहद्वारा हाम्रो यसमा ठूलो योगदान हुन्छ ।

२- विवाहद्वारा आफ्नो मान सम्मान र इज्जतको सुरक्षा हुन्छ ।

३- व्यभिचार र बलात्कार जस्तो कुकर्मबाट सुरक्षा हुन्छ ।

४- विवाहद्वारा मुसलमानहरूको संख्यामा वृद्धि हुन्छ ।

५- विवाहद्वारा स्त्री र पुरुष दुवैलाई शान्ति र सन्तुष्टि प्राप्त हुन्छ ।

६- विवाहद्वारा स्नेह मायाँ प्रेमको आदान प्रदान हुन्छ, र सत्य मायाँको स्वाद मिल्छ ।

७- विवाह गर्नुमा ठूलो पुण्य प्राप्त हुन्छ ।

८- विवाहबाट स्वच्छ वातावर्ण एवं सुरक्षित समाजको निर्माण हुन्छ ।

९- विवाहबाट वंशज स्वच्छ र सुरक्षित रहन्छ ।

.... आदि ।

# विवाह गर्ने पुरुष र स्त्रीका विशेषताहरू

**महिलाका विशेषताहरू :**

□ युवती दीनदार होस् । अर्थात धर्मानुसार कर्म गर्नेवाली होस् । हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : " स्त्रीहरूसित चारवटा विशेषताहरूको आधारमा विवाह गरिन्छ : त्यसको धन सम्पत्तिको आधारमा, त्यसको वंशको आधारमा, त्यसको सुन्दरताको आधारमा, र त्यसको दीनदारीको आधारमा, त हे विहे गर्नेहरू दीनदारसित नै विवाह गर्नु "। ( बुखारी , मुस्लिम )

त रसूल सल्लल्लाहो अलैहे वसल्लमले दीनदारसित विवाह गर्नुमा यस कारण जोर दिनु भएछ कि त्यो अल्लाहसित डर मान्छे अनि अट्टेरीपना गर्दैन र आफ्नो कर्तव्यको पूर्णतया पालना गर्छे ।

□ त्यो युवती सुन्दर र सुशील होस् जसलाई हेर्दाखेरि खुशी लागोस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रश्न गरियो कि सबैभन्दा उत्तम महिला कुन हो ? त उहाँले उत्तर दिदै भन्नु भयो : कि सबैभन्दा

उत्तम महिला त्यो हो जसलाई हेर्दाखेरि प्रसन्नता मिलोस्, र जब त्यसलाई आदेश गरियोस् त त्यसको पालना गरोस् । ( अहमद , नेसाई )
तर केवल सुन्दर र धनवान युवतीसित मात्र सुन्दरता र धन हेरेर विवाह गर्नु जायज त छ तर उत्तम छैन ।

□ त्यो युवती कुमारी होस् । अर्थात त्यसको पहिलादेखि नै कसैसित विवाह नभएको होस् । जसरी सम्बन्धविच्छेदित् गरिएकी महिला, राँड .... आदि । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यो परामर्श दिनु भएको छ कि हामी कुमारी ( बाकेरह ) सित विवाह गरौं । रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन हदीसमा यसरी वर्णन छ :
अर्थ : हजरत जाबिर रजिअल्लाहो अन्होले विवाह गर्नु भयो अनि हजरत जाबिरसित रसूल सल्लल्लाहो अलैहे वसल्लमले सोध्नु भयो कि हे जाबिर कुमारीसित बिहे गरेका छौ वा विवाहित महिलासित ? त हजरत जाबिरले भन्नु भयो होइन हजुर सैयिबासित अर्थात विवाहितसित ( सम्बन्ध विच्छेद भएको वा पतिको स्वर्गबास भएको महिलालाई सैयिबा भनिन्छ ) त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हे जाबिर कुमारीसित किन विवाह गरेनौं कि

दुवैजना एकआर्का साथ राम्ररी खेलकुद गर्थे । ( अहमद )

□ मायाँ गर्ने वाली मायालु र धेरै बच्चा जन्माउनेवाली महिला होस् जस्तोकि यसबारेमा अघि नै हदीस वर्णन गरिसकें । र यस्तै अरु धेरै विवशेषताहरू छन् जुन महिलामा हुनु विवाहको लागि उत्तम मानिन्छ जसरी राम्रो वंशजको होस्, आफन्तीहरू मध्येको नहोस्, आमा नभएकी होस् .... आदि । तर प्रमुख उप्रयुक्तमा वर्णित विशेषता नै हुन् ।

**पुरुषका विशेषताहरू :**

पुरुषको लागि पनि त्यही विशेषताहरू उत्तम मानिन्छ जुन महिलाहरूको लागि वर्णन गरिएको छ, र त्यो विशेषताहरूको साथ साथै पुरुषमा यो विशेषता पनि चाहियो कि त्यो युवतीको बराबरीको दर्जाको होस् चाहे धन सम्पत्तिमा वा दीनदारीमा वा सुन्दरतामा तर्सथ दुवै एकआर्कालाई घृणाको दृष्टिले नहेरुन्, र विवाह भङ्ग नहोस् ।

## के विवाह गर्ने नीयतले केटा केटी एकआर्कालाई हेर्न सक्छन् ?

हाँ हेर्न सक्छन् । बरु हेर्नु अति उत्तम मानिन्छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : यदि कुनै मान्छे विवाह गर्न चाहन्छ र केटीलाई हेर्नु सम्भव छ भने त्यो (केटीलाइ) अवश्य हेरोस् । ( अहमद, अबू दाऊद )

केटा केटीको अनुहार हात पाइला जति स्वभाविक तौरले खुल्ला रहन्छ त्यसलाई हेर्न सक्छ । यस्तै केटी केटाको गुप्ताङ्ग बाहेक सबै हेर्न सक्छे । तर हाम्रो समाजमा जुन केटा केटीलाई एउटै कोठामा छाडी दिने चलन छ त्यो अवैध र हराम छ किनकि हदीसमा छ :

अर्थ : कुनै पुरुष कुनै स्त्रीलाई पनि एकान्तमा एकलै नलैजाओस् तर मुहरिमको साथ । ( बुखारी मुस्लिम )

अर्थात यदि त्यस युवतीको साथ त्यसको मुहरिम पनि होस् भने एकान्तमा पनि लैजानुमा कुनै दोष छैन ।

**मुहरिमः** युवतीको त्यो आफन्ती र सम्बन्धीहरू जसबाट विवाह गर्नु जायज छैन जसरी छोरा, बाबु, भाइ, बाजे ... आदि ।

## विवाहका आधारहरू

१- **वली हुनु :** अर्थात बाबु वा बाजे वा भाइ वा कुनै निकट्तम नातेदार वा जसलाई बुवाले वली निर्धारित गरेको होस् विवाहको समय त्यसको उपस्थिति । किनकि त्यसको वली त्यस केटीको भलो चाहन्छ, अर्थात वली यो पत्ता लगाउँछ कि केटा कस्तो छ अनि मात्र विवाहको लागि सहमति र स्वीकृति प्रदान गर्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : वली र दुई सत्यवान न्यायकर्ता साक्षी बिना विवाह सम्पन्न हुँदैन । ( सुननो दारुकुत्नी, सुननुल् बैहकी )
२- **दुई साक्षीको उपस्थिति** : कम्तीमा दुई साक्षीको उपस्थिति जरुरी छ र त्यसभन्दा अधिक भए झन् राम्रो हुन्छ, जसमध्ये एउटा साक्षी केटाको तर्फबाट र आर्को केटीको तर्फबाट हुनु उत्तम मानिन्छ ।
३- **निकाहका शब्दहरूको प्रयोग :** अर्थात केटीको वली यो भनोस् कि म आफ्नो केटीको निकाह तिमीसित गर्छु, र केटा भनोस् कि मैले यस निकाहलाई कबूल गरें स्वीकार गरें ।
४- **महर (मेहर) प्रष्ट पार्नु** : मेहर त्यस राशिलाई भनिन्छ जुन विवाह गर्ने समय केटाद्वारा अर्थात दुलहाद्वारा दुलहीलाई प्रदान गरिन्छ यस राशिमा कसैको हक अधिकार लाग्दैन

त्यो केवल त्यस विवाहित केटीको हक हो त्यो जहाँ चाहोस् खर्च गरोस् । अल्लाहको फर्मान छ :

وَءَاتُواْ ٱلنِّسَآءَ صَدُقَٰتِهِنَّ نِحۡلَةٗۚ فَإِن طِبۡنَ لَكُمۡ عَن شَيۡءٖ مِّنۡهُ نَفۡسٗا
فَكُلُوهُ هَنِيٓـٔٗا مَّرِيٓـٔٗا ﴿٤﴾ النساء: ٤

अर्थ : र स्वास्नीहरूलाई तिनका महर राजी खुशीपूर्वक दिईहाल तर हो, यदि तिनीहरू आफ्नै राजिखुशीले केही अंश छाडि दिन्छन् भने खुशीपूर्वक त्यसलाई खान-पिन गर । ( सूरतुन् निसा ४ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : मेहरको लागि केही खोजेर ल्याऊ चाहे त्यो फलामको औंठी किन नहोस् । ( बुखारी, मुस्लिम )

# निकाह सही हुनुका शर्तहरू

१- **केटा केटीका नामहरूको पुष्टिकरण गर्नु :** अर्थात यो भन्नु कि म आफ्नो फलानो केटीको विवाह तिमीसित गर्छु । यस्तै यदि दुलहाका धेरै भाइहरू छन् भने दुलहाको पुष्टि गर्नु पनि जरुरी छ ।

२- **त्यो विवाहबाट दुलहा र दुलहीको सहमति हुनु :** अर्थात दुवै त्यस विवाहबाट राजी हुन् । कुमारी केटीको स्वीकारिता त्यसको चुप लाग्नु हो, र पहिलादेखि विवाह गरेकी ( सैयिबा) ले बोलेर स्वीकार गर्नु पर्दछ । यस्तै पुरुषले पनि बोलेर स्वीकार गर्नु पर्दछ । यदि दुवै पक्ष मध्ये कसैलाई यो निकाह अस्वीकार्य छ भने निकाह सही हुँदैन । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : सैयिबा स्त्री बोलेर आफ्नो रजामन्दी जनाओस् र कुमारीको रजामन्दी ( स्वीकृति ) चुप लाग्नु हो । ( इब्ने माजा, मुवत्ता इमाम मालिक )

३- **वलीको उपस्थिति :** यसको वर्णन माथि नै भइसकेको छ ।

४- **दुई साक्षीको उपस्थिति :** यसको पनि वर्णन माथि नै भइसकेको छ ।

५- **मुहरिम मध्येको नहुनु :** अर्थात: दुलहा र दुलही मध्ये कोही पनि इस्लामीय शास्त्रले निर्धारित गरेका ती मान्छेहरू मध्येबाट नहुन् जससित विवाह गर्नु जायज छैन र जसको विवरण अगाडि आउने छ । त उपरोक्तका शर्तहरू नपाइए सम्म विवाह दुरुस्त हुँदैन ।

# वलीमा पाइने केही प्रमुख शर्तहरूको वर्णन

१- वली पुरुष मध्येको होस् स्त्री वलीको लागि प्रयाप्त छैन । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : स्त्री स्त्रीको विवाह नगराओस् र स्त्री स्वयम् आफ्नो विवाह नगरोस् किनकि व्यभिचारिनी आफ्नो विवाह आफै गर्छे । ( इब्ने माजा, अद्दार कुत्नी )

२- त्यो वली स्वतन्त्र मान्छे होस् कसैको दास नहोस्, किनकि दास आफ्नो शरीरको स्वामी हुँदैन त आर्काको स्वामी कसरी बन्न सक्छ ।

३- त्यो बुद्धिमान पनि होस् सत्य असत्यमा राम्रो नराम्रोमा फर्क बुझोस् ।

४-वली काफिर नहोस् काफिर मुस्लिमको वली हुनसक्दैन बरु वली पनि मुस्लिम नै हुनुपर्छ ।

५- त्यो न्यायकर्ता र सदाचारी पनि होस् । अर्थात न्यायको साथ कार्य गर्नेवाला होस् र कुनै मान्छेमाथि अन्याय नगर्नेवाला होस् । यदि वली अन्यायी छ भने दुलहीसंग पनि अन्याय गर्न सक्छ ।

६- त्यो आफ्नो उमेरको तन्नेरी अवस्थामा पुगेको होस् बच्चा र पागल एवं बहुलहा नहोस् । किनकि बच्चा र बहुलहा आफ्नै भलो कुभलो

बुझ्दैनन् त दुलहीको भलो कुभलो कसरी बुझ्न सक्दछन् ।

## साक्षीहरूमा पाइने प्रमुख शर्तहरू

१- साक्षी पुरुष होस् किनकि तीन कुरामा महिलाको साक्ष्य मान्य छैन दण्ड दिनुमा, निकाहमा, तिलाकमा । जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : सुन्नतले यो कुरालाई प्रष्ट पारेको छ कि महिलाको गवाही दण्डित गर्नुमा र निकाह गर्नुमा र तिलाक दिनुमा जायज छैन । ( मुवत्ता इमाम मालिक )

२- ती साक्षीहरू न्यायलाई मनपराउनेवाला सदाचारी हुनुपर्छ । अल्लाहको फर्मान छ :

﴿ فَإِذَا بَلَغْنَ أَجَلَهُنَّ فَأَمْسِكُوهُنَّ بِمَعْرُوفٍ أَوْ فَارِقُوهُنَّ بِمَعْرُوفٍ وَأَشْهِدُوا۟ ذَوَىْ عَدْلٍ مِّنكُمْ وَأَقِيمُوا۟ ٱلشَّهَـٰدَةَ لِلَّهِ ۚ ذَٰلِكُمْ يُوعَظُ بِهِۦ مَن كَانَ يُؤْمِنُ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْـَٔاخِرِ ۚ وَمَن يَتَّقِ ٱللَّهَ يَجْعَل لَّهُۥ مَخْرَجًا ﴿٢﴾ ﴾ الطلاق: ٢

अर्थ : अनि जब उनीहरू(स्त्रीहरू) आफ्ना निर्धारित इद्दतको नजिक पुग्छिन् भने उनीहरूलाई नियमानुसार आफ्नो निकाहमा रहन

देऊ वा दस्तूरको मुताबिक अलग गरिदेऊ, र आफूमध्येबाट दुईजना न्यायप्रिय मानिसहरूलाई साक्षी बनाइहाल र अल्लाहको प्रसन्नता निम्ति ठीक-ठीक गवाही देऊ । यी कुराहरूबाट त्यस व्यक्तिलाई नसिहत गरिन्छ, जसले अल्लाह र परलोकको (आखिरतको) दिनमाथि ईमान राख्दछ । र जो अल्लाहसित डर मान्दछ, अल्लाह उसको लागि उम्कने बाटो सृजना गरिदिनेछ । ( सूरतुत्तलाक २ )

३- ती गवाहहरू मुकल्लफ अर्थात व्यस्क हुनुपर्छ तन्नेरी उमेरको हुनुपर्छ । किनकि बच्चा र पागलको गवाही मान्य छैन ।

४- गवाहहरू लाटो नहुन् बरु बोल्न सकुन् किनकि लाटो गवाही दिन सक्दैन ।

५- ती साक्षीहरू बहिरो नहुन् सुन्नेवाल हुन्, किनकि नसुन्ने मान्छे साक्ष्य कसरी बस्न सक्छ र गवाही कसरी दिन्सक्छ जबकि त्यसले केही सुनेको नै छैन ।

## निकाहका शब्दहरू

अरबी भाषामा केटीको वली भन्छ जौवज्तु इब्नती फलान मिन्का, र केटा भन्छ कबिलतु । र यसलाई नेपाली भाषामा वा कुनै भाषामा पनि भन्न सकिन्छ । अर्थात यो बोध होस् कि निकाह कबूल गराइन्छ जसरी केटीको वली यो भनेस् कि मैले आफ्नो यस छोरीको विवाह तपाईसंग गर्छु, के तपाईलाई कबूल छ ? त दुलहा वा त्यसको वकील भनोस् कि मैले कबूल गरें । अनि विवाह सम्पन्न भयो ।

## मेहर (महर) कस्तो हुनुपर्छ

मेहर जति पनि दिन सकिन्छ तर मेहरलाई कमगरी दिनु उत्तम मानिन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : त्यो दुलही धेरै कल्याणकारी हुन्छे जसको विवाहमा खर्च कम भएको होस् । ( अहमद, सुनने बैहकी, हाकिम )

मेहर ( महर ) विवाहको समय नै दिनु उचित छ तर विवाह पछि पनि दिन सकिन्छ । विवाहको समय मेहर निर्धारित गर्नु जरुरी छ यदि निर्धारित गरिए छैन भने दुलहीलाई महर मिस्ल दिनुपर्छ, अर्थात त्यसको दिदी बहिनी झैं वा आमा झैं पाएको मेहर बराबर दिनुपर्छ ।

# के वली आफ्नो छोरा छोरीलाई विवाह गर्नुमा बाध्य गर्न सक्छ ?

पिता ( वली ) निम्न प्रकारका मान्छेहरूलाई बलद्वारा विवाह गर्नुमा बाध्य गर्न सक्छ !

१- सानो केटालाईः अर्थात त्यो बालकलाई जुन आफ्नो तन्नेरी (व्यस्क) अवस्था सम्म पुगेको छैन ।

२- पिता आफ्नो पागल छोराको विवाह बलपूर्वक गर्न सक्छ ।

३- पिता आफ्नो कुमारी र सानी छोरीको विवाह बलपूर्वक गर्न सक्छ तर यदि केटी ९ वर्ष सम्म पुगेको होस् भने पिता पनि जबरजस्ती त्यसको विवाह गर्न सक्दैन किनकि हदीसमा छ कि "जब केटी ९ वर्ष सम्म पुगिहालोस् त त्यो स्त्री भयो" । ( तिर्मिजी, बैहकी )

यसलेगर्दा अब त्यो केटी आफ्नो भलो कुभलो बुझ्न सक्छे तसर्थ त्यसमाथि जबरजस्ती गर्नु जायज र उचित छैन ।

# विवाहमा गरिने केही विशेष कार्यहरू

निकाहको प्रारम्भमा अल्लाहको प्रशंसा गर्ने, अनि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अल्लाहको शान्ति पठाउने जस्तोकि प्रत्येक शुभ कार्यको आरम्भमा गरिन्छ । अनि कुरआनका निम्नका तीन श्लोकहरूको पाठ गर्ने जसलाई खुत्बतुल् हाजा भनिन्छ र ती श्लोकहरू निम्न हुन् !

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱتَّقُواْ ٱللَّهَ حَقَّ تُقَاتِهِۦ وَلَا تَمُوتُنَّ إِلَّا وَأَنتُم مُّسۡلِمُونَ ١٠٢ ﴾ آل عمران: ١٠٢

अर्थ : हे मोमिनहरू ! अल्लाहसँग यति डर जति उसँग डर्नु पर्ने हो, र हेर मर्ने बेला सम्म मुसलमान रहनु । ( सूरतु आले इम्रान १०२ )

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱتَّقُواْ رَبَّكُمُ ٱلَّذِي خَلَقَكُم مِّن نَّفۡسٖ وَٰحِدَةٖ وَخَلَقَ مِنۡهَا زَوۡجَهَا وَبَثَّ مِنۡهُمَا رِجَالٗا كَثِيرٗا وَنِسَآءٗۚ وَٱتَّقُواْ ٱللَّهَ ٱلَّذِي تَسَآءَلُونَ بِهِۦ وَٱلۡأَرۡحَامَۚ إِنَّ ٱللَّهَ كَانَ عَلَيۡكُمۡ رَقِيبٗا ١ ﴾ النساء: ١

अर्थ : हे मानिसहरू ! आफ्नो पालनकर्तासित डर, जसले तिमीहरूलाई एकै प्राणीबाट सृष्टि गऱ्यो र त्यसैबाट त्यसको जोई बनायो, तत्पश्चात ती दुवैबाट धेरै नर र नारीहरू फैलाई हाल्यो । उस

अल्लाहसँग डर जसको नामबाट तिमी एक-अर्कासंग माग्दछौ । र नाताको सम्बन्ध विच्छेदबाट टाढा रह । कुनै सन्देह छैन कि अल्लाह संरक्षक देखिराखेको छ । ( सूरतुन् निसा १ )

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱتَّقُوا۟ ٱللَّهَ وَقُولُوا۟ قَوْلًا سَدِيدًا ﴿٧٠﴾ يُصْلِحْ لَكُمْ أَعْمَٰلَكُمْ وَيَغْفِرْ لَكُمْ ذُنُوبَكُمْ ۗ وَمَن يُطِعِ ٱللَّهَ وَرَسُولَهُۥ فَقَدْ فَازَ فَوْزًا عَظِيمًا ﴿٧١﴾ ﴾ الأحزاب: ٧٠ - ٧١

अर्थ : हे मोमिनहरू ! अल्लाहसित डर मान्ने गर र सोझो सोझो साँचो कुरा भन्ने गर । ताकि अल्लाह तिम्रा कर्महरूलाई राम्रो पारोस् र तिम्रा पापहरूलाई क्षमा गरिदेओस् । र जसले पनि अल्लाह र उसको रसूलको आज्ञा पालन गऱ्यो, त्यसले ठूलो सफलता प्राप्त गरिसक्ने छ । ( सूरतुल् अहजाब ७०,७१ )

तत्पश्चात दुलहा दुलहीसित निकाहको कबोल गराउने । तत्पश्चात दुलहा र दुलहीको लागि यो दुआ गर्ने : " **बारकल्लाहु लका वबारका अलैका वजमआ बैनकुमा फी खैर** " ( तिर्मिजी )

अर्थ : अल्लाह तिम्रो कल्याण गरोस् र तिमीहरूको जीवनलाई प्रफुल्लित आनन्दमय र

शान्तिमय एवं सन्तुष्टिमय बनोओस् र तिमी दुवैको बीच मोहमायाको सृजना गरोस् ।

इस्लामीय शास्त्र अनुसार अरबी संवतको शौवाल महिनामा विवाह गर्नु शुभ र उत्तम मानिन्छ । शौवालको महिना रमजान पछि आउँछ र यसै महिनामा रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत आइशा र हजरत सौदहसित निकाह गर्नु भएको थियो ।

दुफ ( एक प्रकारको बजाउने बस्तु हो ) यसलाई बजाएर यस विवाहको एलान गर्नु पनि उत्तम मानिन्छ ताकि सबैलाई विवाहको बारेमा जान्कारी भइजाओस् ।

# पहिलो पटक दुलहीको कोठामा प्रवेश गर्नुको दुआ

दुलहा जब दुलहीको कोठामा प्रवेश गरोस् त यो दुआ पढोस् : “ **अल्लाहुम्मा इन्नी अस्अलुका मिन खैरेहा वखैरे मा जबल्तहा अलैहे, वअऊजोबेका मिन शर्रेहा वशर्रे मा जबल्तहा अलैहे**” ।

( सुन्ने इब्ने माजा, सुन्ने अबीदाऊद )

अर्थ : हे अल्लाह  म तिमीसित त्यो भलाईको अभिलाशी छु जुन त्यसमा राखेका छौ, र जुन भलाईमाथि त्यसलाई जन्माएका छौ र त्यो सबै बुराईबाट तिम्रो शरण चाहन्छु जुन त्यसमा छ र जुन तिमीले त्यसभित्र राखेर जन्माएका छौ ।

# सहवास गर्ने समयको दुआ

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जुन सुकैले पनि आफ्नो स्वास्नीसित सहवास गर्ने समय निम्नको दुआ पढ्छ अनि त्यस सहवासद्वारा यदि कुनै शिशुको संचकार हुन्छ भने शैतान त्यसलाई हानि नोक्सानी पुऱ्याउन सक्दैन, र त्यो दुआ हो ! “ **बिस्मिल्लाहे अल्लाहुम्मा जन्निबनाश्शैताना व जज्जेबिश्शैताना मा रजक्तना** ” । ( बुखारी, मुस्लिम )

अर्थ : हे अल्लाह हामीबाट शैतानलाई टाढा गरिदेऊ, र जुन सन्तान हामीलाई दिनेछौ त्यसबाट पनि शैतानलाई टाढा पारिदेऊ ।

र साथै यो पनि ज्ञात रहोस् कि लोग्ने स्वास्नी बन्द कोठामा जे पनि गर्छन् त्यसबारे र त्यस रहस्यबारे कसैसित शेर गर्नु वा भन्नु जघन्य अपराध हो । अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : अल्लाह निकट महा प्रलयको दिन सबैभन्दा घृणित मान्छे त्यो हुनेछ जुन आफ्नो स्वास्नीसंग र स्वास्नी त्यससंग जान्छन् ( सहवास गर्छन् ) अनि त्यो मान्छे यस रहस्यलाई अरु सामुन्ने खोल्दछ ( अर्थात अरुलाई बताउँछ ) । ( मुस्लिम )

# वलीमा (विवाह भोज )

विवाह गरेको प्रात:काल वलीमा गर्नु सुन्नत हो । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : अर्थ : वलीमा गर चाहे त्यो बाख्राको मासुसित किन नगरियोस् । ( बुखारी, मुस्लिम )

र वलीमामा समृद्ध निमुखा सबैलाई निम्त्याउने नकि मात्र समृद्धलाई नै निम्त्याउनु होस् । किनकि कतिपयजना मात्र समृद्धलाई निम्तो दिन्छन् र गरीबहरूलाई छाडिदिन्छन् जबकि कुरो यस्तो छ कि समृद्धहरू वलीमामा उपस्थित हुँदैनन् किनकि अमीरहरूसित समयको अभाव हुन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : सबैभन्दा घृणा योग्य भोजन त्यस वलीमाको भोजन हो जसमा नआउनेहरूलाई आमन्त्रित गरियोस् र आउनेहरूलाई आमन्त्रित नगरियोस् । ( मुस्लिम )

र जसलाई वलीमाको आमन्त्रण मिलोस् त त्यसलाई चाहियो कि वलीमामा उपस्थित होस् चाहे व्रत किन नबसेको होस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : जसलाई कुनै भोजमा बोलाइयोस् त त्यसलाई चाहियो कि त्यस भोजमा उपस्थित होस् अनि यदि त्यो व्रताल‍ु छ भने त्यसको लागि

दुआ गरोस् र यदि व्रत बसेको छैन भने भोजन गरोस् । ( मुस्लिम )
र भोजमा उपस्थित भए पश्चात भोज गराउने मान्छेको लागि दुआ गर्नु सुन्नत हो ।

## के विवाह सम्पन्न भए पश्चात कुनै कमी कम्जोरी अथवा दोष देखा परेमा विवाह भङ्ग गर्न सकिन्छ ?

हो, यसो देखा परेमा सम्बन्ध विच्छेद गर्न सकिन्छ र यसका मुख्य कारणहरू निम्न हुन् !
यदि दुलहीमा कुनै दोष छ जसरी कुष्ठरोग, पागलपना, वा त्यसको गुप्ताङ्गमा कुनै यस्तो रोग होस् कि सहवास गर्नुमा अप्ठ्यारो होस् वा सहवास गर्न नसकोस् । यस्तो अवस्थामा श्रीमान सम्बन्ध विच्छेद गर्न सक्छ ।
यस्तै यदि दुलहामा कुनै दोष वा रोग देखा परेमा जसरी त्यो लङ्डो होस् वा त्यसको लिंग कटेको होस् वा लिंग नै नहोस्.... आदि त यस अवस्थामा पनि स्वास्नीले चाहेको खण्डमा यस निकाहलाई टुङ्ग्याउन सक्छे । तर यो ज्ञात रहोस् कि दुवै पक्षलाई यो अख्तियार छ चाहे त्यसलाई त्यसको दोषको साथ स्वीकार गरोस् वा सम्बन्ध विच्छेद गरोस् ।

यदि सम्बन्ध विच्छेद सहवास भन्दा पहिला नै गरियो भने दुलहीलाई मेहर फिर्ता गर्नु पर्नेछ, तर यदि यो घटना सहवास भए पश्चात घटित भएको छ भने दुलहालाई मेहर फिर्ता लिनुको अधिकार छैन ।

र यदि कसैले षडयन्त्र गरेर वा क्षल गरेर यो विवाह गराएको छ भने त्यसलाई दण्डितगर्नुको निम्ति मेहर बराबर रकम दुलहा त्यसैबाट पाउने छ । जस्तोकि हदीसमा प्रष्ट पारिएको छ कि : " यदि कसैले कुनै कुष्ठरोगी अथवा सेतो दाग भएकी वा पागल महिलाको विवाह क्षल गरेर कसैसित गराएको छ भने त्यो दुलहीको लागि त मेहरको रकम हो तर जसले क्षलद्वारा त्यसको विवाह गराएको छ त्यो मान्छे दुलहालाई मेहरको रकम जरिमानाको रूपमा दिनेछ । ( मुवत्ता इमाम मालिक )

# दुलहा र दुलहीको एकआर्का माथि अधिकारको वर्णन

**लोग्ने (दुलहा)को हक स्वास्नी (दुलही)माथि :**

अल्लाहको फर्मान छ :

﴿ وَٱلْمُطَلَّقَٰتُ يَتَرَبَّصْنَ بِأَنفُسِهِنَّ ثَلَٰثَةَ قُرُوٓءٍ ۚ وَلَا يَحِلُّ لَهُنَّ أَن يَكْتُمْنَ مَا خَلَقَ ٱللَّهُ فِىٓ أَرْحَامِهِنَّ إِن كُنَّ يُؤْمِنَّ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْءَاخِرِ ۚ وَبُعُولَتُهُنَّ أَحَقُّ بِرَدِّهِنَّ فِى ذَٰلِكَ إِنْ أَرَادُوٓا۟ إِصْلَٰحًا ۚ وَلَهُنَّ مِثْلُ ٱلَّذِى عَلَيْهِنَّ بِٱلْمَعْرُوفِ ۚ وَلِلرِّجَالِ عَلَيْهِنَّ دَرَجَةٌ ۗ وَٱللَّهُ عَزِيزٌ حَكِيمٌ ﴿٢٢٨﴾ ﴾ البقرة: ٢٢٨

अर्थ : र तलाक प्राप्त स्वास्नी मानिसले आफूलाई तीन पटक रजस्वलासम्म रोकिराखुन् । तिनीहरूका लागि यो इजाजत छैन कि जे तिनको गर्भमा सृष्टि गरेको छ त्यसलाई लुकाउन् यदि तिनीहरूलाई अल्लाह र कयामतको दिन माथि आस्था छ र तिनका पतिहरू यस अवधिमा तिनलाई फर्काउन चाहन्छन् भने तिनीहरूले तिनलाई आफ्नो पत्नीत्वमा फिर्ता लिन पूरा हकदार छन्, यदि उनीहरूसमझदारी गर्न चाहन्छन् । र, नियमानुसार स्वास्नीलाई पुरुषहरूमाथी अधिकार उस्तै छ जस्तो

पुरुषहरूलाई स्वास्नीहरूमाथि छ। र, अल्लाह सर्वशक्तिमान र सर्वज्ञान सम्पन्न छ। ( सूरतुल् बकर: २२८ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : तिम्रो अधिकार तिम्रो स्वास्नी माथि उस्तै छ जस्तोकि त्यसको अधिकार तिमीमाथि छ। ( तिर्मिजी )

□ स्वास्नीको भोजन, लुगा, बस्ने घर त्यस समाजको रीति अनुसार दिनु लोग्नेमाथि अनिवार्य छ । यस्तै अरु महिलाहरूलाई प्रयोग गर्ने समाग्रीहरू पनि ल्याएर दिनु जरुरी छ। रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : त्यसलाई खाना खुवाऊ जब तिमी खान्छौ, र त्यसलाई लुगा ल्याएर देऊ जब तिमी आफ्नो लागि लुगा ल्याउँछौ, र त्यसको अनुहारमा नहान्नु, र त्यसलाई गाली गलोज नगर्नु, र आफ्नो घर बाहेक कसैको घरमा त्यसलाई नछाड्नु । ( मुस्नद अहमद, अबूदाऊद, इब्ने हिब्बान )

□ स्वास्नीको सहवासको उत्तेजनालाई पूर्णरूपले शान्त गरोस् यसो नगरेमा वैवाहिक जीवन सुरक्षित रहने छैन ।

□ चार रात्री मध्ये एक रात स्वास्नीको साथ व्यतीत गरोस्। यो नै हजरत उमर रजिअल्लाहो अन्होले गरेको न्याय हो।

□ यदि त्यसको एकभन्दा अधिक स्वास्नीहरू छिन् भने सबैको बीच समानताको व्यवहार गरोस्, र इस्लामीय निर्देशन बमोजिम न्यायपूर्वक रात्रीको वितरण गरोस्।

□ यदि नौलो विवाह गरेछ भने पहिलो पटक त्यस विवाहित महिलासंग यदि त्यो कुमारी थियो भने सात रात्री बिताओस् र यदि सैयिबा छे भने तीन रात्री बिताओस्, अनि सबै स्वास्नीहरू जस्तै रात्रीको बराबर बितरण गरोस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : कुमारीको लागि सात र सैयिबाको लागि तीन दिन हो। ( मुस्लिम )

□ यदि स्वास्नीको कुनै नातेदार विरामी हुन्छ वा कुनै आफन्तीको मृत्यु हुन्छ भने त्यसलाई उहाँ जाने अनुमति देओस् । र यस्तै आफन्ती र नातेदारसित भेटघाट गर्ने अनुमति पनि देओस्। र यस जस्ता अरु अधिकारहरू छन् जुन हाम्रा समाजमा प्रचलित छन्।

## लोग्नेको अधिकार स्वास्नीमाथि

□ स्वास्नीमाथि यो अनिवार्य छ कि जायज कुराहरूमा लोग्नेको आज्ञापालन गरोस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱلرِّجَالُ قَوَّٰمُونَ عَلَى ٱلنِّسَآءِ بِمَا فَضَّلَ ٱللَّهُ بَعۡضَهُمۡ عَلَىٰ بَعۡضٖ وَبِمَآ أَنفَقُواْ مِنۡ أَمۡوَٰلِهِمۡۚ فَٱلصَّٰلِحَٰتُ قَٰنِتَٰتٌ حَٰفِظَٰتٞ لِّلۡغَيۡبِ بِمَا حَفِظَ ٱللَّهُۚ وَٱلَّٰتِي تَخَافُونَ نُشُوزَهُنَّ فَعِظُوهُنَّ وَٱهۡجُرُوهُنَّ فِي ٱلۡمَضَاجِعِ وَٱضۡرِبُوهُنَّۖ فَإِنۡ أَطَعۡنَكُمۡ فَلَا تَبۡغُواْ عَلَيۡهِنَّ سَبِيلًاۗ إِنَّ ٱللَّهَ كَانَ عَلِيّٗا كَبِيرٗا ٣٤ ﴾ النساء: ٣٤

अर्थ : पुरुषहरू स्त्रीहरूका संरक्षक-संवर्धक हुन् यस कारण कि एकलाई अल्लाहले अर्को माथि प्रधानता प्रदान गरेको छ र यसकारणले पनि कि पुरुषहरूले आफ्ना माल खर्च गरेका छन् । अतः जो सत्यवती र आज्ञाकारिणी स्वास्नी छिन्, तिनीहरूले आफ्नो पतिको अनुपस्थितिमा अल्लाहको रक्षामा तिनको मर्यादाको रेखदेख गर्दछिन्, र जुन स्वास्नीहरूको सम्बन्धमा तिमीलाई नराम्रो व्यवहारको डर लाग्दछ भने तिनलाई सर्वप्रथम सम्झाऊ । (यदि मान्दैनन्

भने) तिनीलाई सुत्ने ओछ्यानबाट अलग गरिहाल । यदि तैपनि मान्दैनन् भने उचित शारीरिक दण्ड देऊ । फेरि यदि आज्ञा पालन गर्न थाल्छिन् भने तिनलाई कष्ट दिने निहु नखोज । निःसन्देह अल्लाह सर्वोच्च र महानतम प्रशंसनीय छ । ( सूरतुन् निसा ३४ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : यदि मैले कसै मानवजातिलाई कसै मानवको ढोग गर्ने आदेश गर्थें भने म स्वास्नीहरूलाई यो आदेश गर्थें कि आफ्ना पतिहरूलाई ढोग गरुन् । ( तिर्मिजी )

□ श्रीमानको धन सम्पत्ति मान सम्मान एवं इज्जतको रक्षा गरोस् । अल्लाहको फर्मान छ :

﴿ ٱلرِّجَالُ قَوَّٰمُونَ عَلَى ٱلنِّسَآءِ بِمَا فَضَّلَ ٱللَّهُ بَعْضَهُمْ
عَلَىٰ بَعْضٍ وَبِمَآ أَنفَقُواْ مِنْ أَمْوَٰلِهِمْۚ فَٱلصَّٰلِحَٰتُ
قَٰنِتَٰتٌ حَٰفِظَٰتٌ لِّلْغَيْبِ بِمَا حَفِظَ ٱللَّهُۚ وَٱلَّٰتِي تَخَافُونَ
نُشُوزَهُنَّ فَعِظُوهُنَّ وَٱهْجُرُوهُنَّ فِي ٱلْمَضَاجِعِ
وَٱضْرِبُوهُنَّۖ فَإِنْ أَطَعْنَكُمْ فَلَا تَبْغُواْ عَلَيْهِنَّ سَبِيلًاۗ إِنَّ
ٱللَّهَ كَانَ عَلِيًّا كَبِيرًا ﴿٣٤﴾ ﴾ النساء: ٣٤

अर्थ : पुरुषहरू स्त्रीहरूका संरक्षक-संवर्धक हुन् यस कारण कि एकलाई अल्लाहले अर्को माथि प्रधानता प्रदान गरेको छ र यसकारणले पनि कि पुरुषहरूले आफ्ना माल खर्च गरेका छन् । अतः जो सत्यवती र आज्ञाकारिणी स्वास्नी छिन्, तिनीहरूले आफ्नो पतिको अनुपस्थितिमा अल्लाहको रक्षामा तिनको मर्यादाको रेखदेख गर्दछिन्, र जुन स्वास्नीहरूको सम्बन्धमा तिमीलाई नराम्रो व्यवहारको डर लाग्दछ भने तिनलाई सर्वप्रथम सम्झाऊ । (यदि मान्दैनन् भने) तिनीलाई सुत्ने ओछ्यानबाट अलग गरिहाल । यदि तैपनि मान्दैनन् भने उचित शारीरिक दण्ड देऊ । फेरि यदि आज्ञा पालन गर्न थाल्छिन् भने तिनलाई कष्ट दिने निहु नखोज । निःसन्देह अल्लाह सर्वोच्च र महानतम प्रशंसनीय छ । ( सूरतुन् निसा ३४ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : सबैभन्दा राम्री श्रीमती त्यो हो जसलाई हेर्ने बित्तिकै तिमी प्रसन्न भइजाऊ, र तिमीले आज्ञा गरे बित्तिकै त्यसको पालना गरोस्, र तिम्रो अनुपस्थितिमा आफ्नो सतित्व र तिम्रो धनको रक्षा गरोस् । ( अबूदाऊद, अहमद, नेसाई )

□ जुन बेलामा पनि श्रीमान सहवासको इच्छा प्रकट गरोस् तुरुन्तै तयार भइहालोस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जब श्रीमान श्रीमतीलाई आफ्नो ओछ्यानतर्फ बोलाओस् अनि श्रीमतीले अनाहक इन्कार गरोस् अनि श्रीमान रातभरी त्यसमाथि क्रोधित भएर व्यतीत गर्छ भने प्रात:काल सम्म फरिश्ताहरू यस्ती महिलामाथि धिक्कार पठाउँछन् । ( बुखारी, मुस्लिम )

□ यदि श्रीमान घरमा उपस्थित छ भने नफिली व्रत र नमाजको आयोजना श्रीमानको अनुमति पश्चात नै गरोस् । जस्तोकि हदीसमा छ :

अर्थ : श्रीमतीको लागि यो जायज छैन कि लोग्नेको उपस्थितिमा त्यसको अनुमति बिना व्रत बसोस् । ( बुखारी, मुस्लिम )

□ श्रीमानका आफन्तहरूको आदर सम्मान गर्नु, त्यसको सन्तानको हेरचाह देखरेख गर्नु स्वास्नीको परम् धर्म हो । यस बाहेक अरु अधिकारहरू छन् जुन हाम्रो समाजमा प्रचलित छन् ।

# श्रीमान र श्रीमती बीच मतभेद भएमा के गर्ने

यदि श्रीमान र श्रीमती बीच कुनै कुरामाथि मतभेद भयो र त्यो बढ्दै गयो र सम्बन्ध विच्छेदको कुरो आइपुग्यो त यस्तो अवस्थामा उनीहरूलाई सम्झाई बुझाई उनीहरूको समस्याको समाधान गर्नु आफन्त र नातेदारहरूको परम् कर्तव्य हो ।

तर यदि समस्या श्रीमतीको अट्टेरीपना वा लोग्नेको कुनै अधिकार हननको कुरो होस् त यस समस्याको समाधान यो हो कि लोग्ने मान्छे पहिला आफ्नो श्रीमतीलाई सम्झाओस् र अल्लाहको प्रकोपबाट डराओस् । यदि यस पश्चात सुधार आएन भने आफ्नो ओछ्यान त्यसको ओछ्यानबाट छुट्टयाई हालोस् । यदि यसबाट पनि सुधार भएन भने अलिकति पिटाई गरोस् तर पिटाई अति न्यूनतम् दर्जाको हुनुपर्छ । यदि अझैं पनि श्रीमतीको अवस्थामा कुनै सुधार आएन भने दुवै पक्षबाट एक एक न्यायकर्ता नियुक्त गरियोस्, र उनीहरू दुवैलाई सम्झाउन् । यदि यसबाट पनि समस्याको समाधान भएन भने अन्तमा श्रीमान श्रीमतीलाई तलाक देओस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱلرِّجَالُ قَوَّٰمُونَ عَلَى ٱلنِّسَآءِ بِمَا فَضَّلَ ٱللَّهُ بَعۡضَهُمۡ
عَلَىٰ بَعۡضٖ وَبِمَآ أَنفَقُواْ مِنۡ أَمۡوَٰلِهِمۡۚ فَٱلصَّٰلِحَٰتُ
قَٰنِتَٰتٌ حَٰفِظَٰتٞ لِّلۡغَيۡبِ بِمَا حَفِظَ ٱللَّهُۚ وَٱلَّٰتِي تَخَافُونَ
نُشُوزَهُنَّ فَعِظُوهُنَّ وَٱهۡجُرُوهُنَّ فِي ٱلۡمَضَاجِعِ
وَٱضۡرِبُوهُنَّۖ فَإِنۡ أَطَعۡنَكُمۡ فَلَا تَبۡغُواْ عَلَيۡهِنَّ سَبِيلًاۗ إِنَّ
ٱللَّهَ كَانَ عَلِيّٗا كَبِيرٗا ٣٤ وَإِنۡ خِفۡتُمۡ شِقَاقَ
بَيۡنِهِمَا فَٱبۡعَثُواْ حَكَمٗا مِّنۡ أَهۡلِهِۦ وَحَكَمٗا مِّنۡ أَهۡلِهَآ إِن
يُرِيدَآ إِصۡلَٰحٗا يُوَفِّقِ ٱللَّهُ بَيۡنَهُمَآۗ إِنَّ ٱللَّهَ كَانَ عَلِيمًا خَبِيرٗا
٣٥ ﴾ النساء: ٣٤ - ٣٥

अर्थ : पुरुषहरू स्त्रीहरूका संरक्षक-संवर्धक हुन् यस कारण कि एकलाई अल्लाहले अर्को माथि प्रधानता प्रदान गरेको छ र यसकारणले पनि कि पुरुषहरूले आफ्ना माल खर्च गरेका छन् । अत: जो सत्यवती र आज्ञाकारिणी स्वास्नी छिन्, तिनीहरूले आफ्नो पतिको अनुपस्थितिमा अल्लाहको रक्षामा तिनको मर्यादाको रेखदेख गर्दछिन्, र जुन स्वास्नीहरूको सम्बन्धमा तिमीलाई नराम्रो व्यवहारको डर लाग्दछ भने

तिनलाई सर्वप्रथम सम्झाऊ । (यदि मान्दैनन् भने) तिनीलाई सुत्ने ओछ्यानबाट अलग गरिहाल । यदि तैपनि मान्दैनन् भने उचित शारीरिक दण्ड देऊ । फेरि यदि आज्ञा पालन गर्न थाल्छिन् भने तिनलाई कष्ट दिने निहु नखोज । निःसन्देह अल्लाह सर्वोच्च र महानतम प्रशंसनीय छ । यदि तिमीलाई लोग्ने स्वास्नी बीच वाद- विवादको भय छ, भने एउटा मध्यस्थकर्ता लोग्नेको तर्फबाट र एउटा मध्यस्थ स्वास्नीको खलकबाट नियुक्त गर । यदि यी दुवैले मेल मिलाप गराउन चाहन्छन् भने अल्लाहले दुवैमा मेलमिलाप कायम गराइदिन्छ । कुनै सन्देह छैन कि अल्लाह सर्वज्ञाता र सर्वलौकिक छ । ( सूरतुन्निसा ३४,३५ )

कतिपय मान्छेहरू इस्लाममाथि यो आक्षेप लगाउँछन् कि इस्लाम त तलाकद्वारा महिलाहरूमाथि धेरै अत्याचार गर्छ तर उनीहरूलाई इस्लामीय निर्देशनहरूको क,ख, पनि थाहा छैन । उनीहरूलाई चाहियो कि पहिला आफ्नो ज्ञानलाई परिपूर्ण गरुन् अनि आफ्नो मूर्खतालाई आफै थाहा पाइहाल्ने छन् । इस्लाममा श्रीमान र श्रीमती बीचको समस्याको समाधान तलाक होइन बरु यो त अन्तिम विकल्प हो । केही बाटो नभएमा मात्र तलाक

लागू गरिन्छ। र यदि कुनै विकल्प छ कुनै बाटो छ कुनै समाधान छ भने तलाक लागू गरिदैन, र यो नै दुवै पक्षको लागि पूर्ण न्याय हो ।

यदि दुवैबीच असहमति छ मतभेद छ भने दुवैलाई आकाश र धरती बीच झुंड्याएर राख्नु कहाँको बुद्धिमानी हो तपाई आफै नै विचार गर्नुस् ।

# सहवासका केही ज्ञानवर्धक कुराहरू

□ सहवास गर्नु अघि श्रीमतीसित उत्तेजक कुराहरू गर्नु, यस्ता कुराहरू गर्नु जसबाट श्रीमतीको वास्ना अलि तातो र उत्तेजित होस्, र यस्तो कुरा आफ्नो स्वास्नीसित सहवासको बखत गर्नुमा इस्लामीय दृष्टिले कुनै दोष छैन ।

□ सहवास गर्नुको क्रममा श्रीमतीको गुप्ताङ्गलाई न हेरोस् भन्नेखालका भ्रमहरूबाट टाढा रही त्यसलाई हेर्नु र त्यसबाट जसरी पनि लाभन्वित हुनुमा कुनै दोष छैन । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ نِسَآؤُكُمۡ حَرۡثٞ لَّكُمۡ فَأۡتُواْ حَرۡثَكُمۡ أَنَّىٰ شِئۡتُمۡۖ وَقَدِّمُواْ لِأَنفُسِكُمۡۚ وَٱتَّقُواْ ٱللَّهَ وَٱعۡلَمُوٓاْ أَنَّكُم مُّلَٰقُوهُۗ وَبَشِّرِ ٱلۡمُؤۡمِنِينَ ٢٢٣ ﴾ البقرة: ٢٢٣

अर्थ : तिम्रा स्वास्नीहरू तिम्रा खेती हुन्, तसर्थ आफ्ना खेतीमा जुन तरिकाले चाहन्छौं, जाऊ र आफ्ना निम्ति नेक कर्म अगाडि पठाऊ र अल्लाहसित डर मान्ने गर र जानी राख कि ( एकदिन) तिमीहरू उसलाई भेट्ने छौ । र आस्थावानहरूलाई शुभ सन्देश सुनाइदिनु । ( सूरतुल् बकर: २२३ )

□ रजस्वला ( मासिक धर्म ) र सुत्केरी ( निफास)को अवस्थामा सम्भोग गर्नु हराम छ । अल्लाहको फर्मान छ :

﴿ وَيَسْـَٔلُونَكَ عَنِ ٱلْمَحِيضِ ۖ قُلْ هُوَ أَذًى فَٱعْتَزِلُوا۟ ٱلنِّسَآءَ
فِى ٱلْمَحِيضِ ۖ وَلَا تَقْرَبُوهُنَّ حَتَّىٰ يَطْهُرْنَ ۖ فَإِذَا تَطَهَّرْنَ
فَأْتُوهُنَّ مِنْ حَيْثُ أَمَرَكُمُ ٱللَّهُ ۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلتَّوَّٰبِينَ وَيُحِبُّ
ٱلْمُتَطَهِّرِينَ ﴿٢٢٢﴾ ﴾ البقرة: ٢٢٢

अर्थ : तपाईसित रजस्वला बारे सोध्छन् । भनिदिनु कि त्यो (रक्त) अपवित्र हो । तसर्थ रजस्वलाको समयमा स्वास्नीबाट अलग रहनु र जबसम्म तिनीहरू पवित्र हुँदैनन्, तिनको नजिक (सम्भोगको लागी) नजानु । हो, जब तिनी पवित्र हुन्छन्, तब तिमी उनको नजिक जाऊ जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । निःसन्देह अल्लाह क्षमा याचना गर्नेलाई र पवित्र रहनेलाई प्रेम गर्दछ । ( सूरतुल् बकरः २२२ )

र हदीसमा छ :

अर्थ : सबैकुरा गर सहवास बाहेक । ( मुस्लिम )

□ श्रीमतीको पछाडिको गुप्ताङ्गमा सम्भोग नगरोस्, यो जघन्य अपराध हो । हदीसमा छ :

अर्थ : जुन मान्छे महिलाको पछाडिको गुप्ताङ्गमा सहवास गर्छ अल्लाह तआला प्रलयको दिन त्यसको दर्शन गर्दैन । ( तफ्सीर इब्ने कसीर )

□ यदि आर्को चोटि सम्भोग गर्ने इच्छा छ भने दुवै सम्भोगको बीचमा वजू गर्नु सुन्नत हो ।

□ स्वास्नीको औंठा र वक्षलाई चूस्नु एवं त्यससित खेल्नु जायज छ । यस्तै महिलाका जुन सुकै अङ्गसित खेल्नु जायज छ । र यस्तै श्रीमती श्रीमानको जुन सुकै अङ्गसित खेल्न सक्छे ।

□ स्वास्नीलाई पूर्ण संतुष्टि नदइिकन् त्यसबाट टाढा नजाओस् ।

□ सहवासको लागि जुन सुकै तरिका अपनाउन सकिन्छ यसको लागि कुनै बन्देज छैन । ..... आदि ।

# सुखद वैवाहिक जीवन व्यतीत गर्नुको लागि केही ध्यान दिने कुराहरू

- दुवैले एक आर्काको त्रुटिलाई क्षमा गरिदिने, र त्यसको विशेषताको धेरै बखान गर्ने ।
- दुवैले आफ्नो जीवन साथीलाई सके सम्म प्रसन्न राख्ने प्रयत्न गर्ने ।
- दुवैले एक आर्कालाई अल्लाहको अनुशरण गर्ने उपदेश दिदैरहने ।
- दुवैले आफ्नो कर्तव्यको परिपूर्ण तरिकाले पालना गर्ने ।
- दुवैले मिलेर घरलाई चलाउने ।
- एक आर्कामाथि धेरै टिप्पणी नगर्ने ।
- दुवैले एक आर्काको दुःख र सुखमा साथ रहने र त्यसलाई बुझ्ने, र दुःख भएमा त्यसको हृदयले सेवा गर्ने ..... आदि त यसबाट प्रमको अविष्कार हुन्छ र वैवाहिक जीवन राम्ररी र सुखद तरिकाले व्यतीत हुन्छ ।

# जुन महिलाहरूसित विवाह गर्नु हराम छ त्यसको संक्षिप्त विवरण

**जुन महिलाहरूसित सदैंवको लागि विवाह गर्नु हराम छ :**

१- आमा र काकी ।

२- नानी ।

३- हजुर आमा ।

४- छोरी र छोरीका छोरीहरू जति तल्लो तहको भए पनि ।

५- दिदी र बहिनी र उनकी छोरीहरू जति तल्लो तहको भए पनि ।

६- भाइकी छोरीहरू र त्यसकी छोरीहरू ।

७- फूफू ।

८- खाला ( मौसी ) र त्यसका आमा र छोरी र भांजीहरू ।

९- जुन महिलासित व्यक्तिको बाबु वा बाजेले विवाह गरिसकेका छन् । अल्लाहको फर्मान छ :

﴿ وَلَا تَنكِحُوا۟ مَا نَكَحَ ءَابَآؤُكُم مِّنَ ٱلنِّسَآءِ إِلَّا مَا قَدْ سَلَفَ ۚ إِنَّهُۥ كَانَ فَٰحِشَةً وَمَقْتًا وَسَآءَ سَبِيلًا ﴿٢٢﴾ ﴾ النساء: ٢٢

अर्थ : र जुन स्वास्नी मानिसहरूसँग तिम्रा बाबुहरूले विवाह गरेका छन्, तिनीहरूसँग

निकाह नगर्नु, तर जे बिती सकेको छ त्यो निर्लज्जतापूर्ण काम र अप्रसन्न पार्ने कुरा र साच्है घृणित परम्परा थियो । ( सूरतुन् निसा २२ )

१०- सासुमा र सासुको आमा र हजुर आमा ।

११- यस्तो स्वास्नीको छोरीसंग जससित व्यक्तिले सहवास गरेको होस् अनि सम्बन्ध विच्छेद भइसकेको होस् । वा यस्तो महिलाको छोरीसित जससंग व्यक्तिले विवाह गरेको बखत त्यससित पहिलादेखि नै छोरी थियो यदि त्यस व्यक्तिले यस महिलासित सहवास गऱ्यो भने त्यसको पहिलादेखि रहेको छोरीसित विवाह गर्नु त्यसको लागि हराम भयो । अल्लाहको फर्मान छ :

﴿ حُرِّمَتْ عَلَيْكُمْ أُمَّهَٰتُكُمْ وَبَنَاتُكُمْ

وَأَخَوَٰتُكُمْ وَعَمَّٰتُكُمْ وَخَٰلَٰتُكُمْ وَبَنَاتُ ٱلْأَخِ

وَبَنَاتُ ٱلْأُخْتِ وَأُمَّهَٰتُكُمُ ٱلَّٰتِىٓ أَرْضَعْنَكُمْ

وَأَخَوَٰتُكُم مِّنَ ٱلرَّضَٰعَةِ وَأُمَّهَٰتُ نِسَآئِكُمْ

وَرَبَٰٓئِبُكُمُ ٱلَّٰتِى فِى حُجُورِكُم مِّن نِّسَآئِكُمُ

ٱلَّٰتِى دَخَلْتُم بِهِنَّ فَإِن لَّمْ تَكُونُوا۟ دَخَلْتُم بِهِنَّ

فَلَا جُنَاحَ عَلَيْكُمْ وَحَلَٰٓئِلُ أَبْنَآئِكُمُ ٱلَّذِينَ

مِنْ أَصْلَٰبِكُمْ وَأَن تَجْمَعُوا۟ بَيْنَ ٱلْأُخْتَيْنِ
إِلَّا مَا قَدْ سَلَفَ ۗ إِنَّ ٱللَّهَ كَانَ غَفُورًا رَّحِيمًا ﴿٢٣﴾

﴾ النساء: ٢٣

अर्थ : तिम्रो लागि तिम्रा आमाहरू र छोरीहरू र दिदी बहिनीहरू र तिम्रा फूफूहरू र तिम्रा सानी आमा, ठूली आमाहरू र भतिजीहरू र भान्जीहरू र तिम्रा ती आमाहरू जसले कि तिमीलाई दूध खुवाएका छिन्, र (रेजाई) दिदीबहिनीहरू र तिम्रा सासूहरू र तिमीले तिम्रो गोदमा लालन पालन गरेको छोरीहरू जुन संभोग गरेको महिलाबाट जन्मेका छिन् तिम्रो लागि वर्जित छिन् । हो यदि तिमीले तिनीहरूसँग (केटीको आमासँग) यौन सम्बन्ध गरेका छैनौ भने तिमीलाई कुनै गुनाह छैन, र तिम्रा साख्खै छोराहरूका स्वास्नीहरू पनि र दुई दिदी बहिनीहरूलाई एकैसाथ बिहे गर्नु पनि त्याज्य छ । तर विगतमा जे भयो भइसक्यो । निःसन्देह अल्लाह क्षमा गर्नेवाला र दयावान छ । ( सूरतुन् निसा २३ )

१२- छोरा र नातीको स्वास्नीसित पनि विवाह गर्नु हराम छ । र यस्तै दूध खुवाए पश्चात दूध खुवाउने महिला धाइआमा भइहाल्छे त यसबाट पनि ती सबै आफनतहरूबाट विवाह गर्नु वर्जित

भइहाल्छ जस्तोकि आफ्नो वंशसित जसलाई उपरोक्तमा वर्णन गरियो । र दूधबाट हराम हुने संक्षेपमा निम्न हुन् !

१३- दूध खुवाउने आमा (धाइआमा)

१४- दूधिया छोरी अर्थात दूध खानुको कारण छोरी भएकी केटी ।

१५- दूधिया बहिनी अर्थात सहजात बहिनी ।

१६- सहजात भाइकी छोरी ।

१७- सहजात बहिनीको छोरी ।

१८- दूधिया काकी ।

१९- दूधिया खाला । अल्लाहको भनाई छ :

﴿ حُرِّمَتْ عَلَيْكُمْ أُمَّهَٰتُكُمْ وَبَنَاتُكُمْ
وَأَخَوَٰتُكُمْ وَعَمَّٰتُكُمْ وَخَٰلَٰتُكُمْ وَبَنَاتُ ٱلْأَخِ
وَبَنَاتُ ٱلْأُخْتِ وَأُمَّهَٰتُكُمُ ٱلَّٰتِىٓ أَرْضَعْنَكُمْ
وَأَخَوَٰتُكُم مِّنَ ٱلرَّضَٰعَةِ وَأُمَّهَٰتُ نِسَآئِكُمْ
وَرَبَٰٓئِبُكُمُ ٱلَّٰتِى فِى حُجُورِكُم مِّن نِّسَآئِكُمُ
ٱلَّٰتِى دَخَلْتُم بِهِنَّ فَإِن لَّمْ تَكُونُوا۟ دَخَلْتُم بِهِنَّ
فَلَا جُنَاحَ عَلَيْكُمْ وَحَلَٰٓئِلُ أَبْنَآئِكُمُ ٱلَّذِينَ
مِنْ أَصْلَٰبِكُمْ وَأَن تَجْمَعُوا۟ بَيْنَ ٱلْأُخْتَيْنِ

إِلَّا مَا قَدْ سَلَفَۗ إِنَّ ٱللَّهَ كَانَ غَفُورًا رَّحِيمًا ﴿٢٣﴾

﴿ النساء: ٢٣

अर्थ : तिम्रो लागि तिम्रा आमाहरू र छोरीहरू र दिदी बहिनीहरू र तिम्रा फूफूहरू र तिम्रा सानी आमा, ठूली आमाहरू र भतिजीहरू र भान्जीहरू र तिम्रा ती आमाहरू जसले कि तिमीलाई दूध खुवाएका छिन्, र (रेजाई) दिदीबहिनीहरू र तिम्रा सासूहरू र तिमीले तिम्रो गोदमा लालन पालन गरेको छोरीहरू जुन संभोग गरेको महिलाबाट जन्मेका छिन् तिम्रो लागि वर्जित छिन् । हो यदि तिमीले तिनीहरूसँग (केटीको आमासँग) यौन सम्बन्ध गरेका छैनौ भने तिमीलाई कुनै गुनाह छैन, र तिम्रा साख्खै छोराहरूका स्वास्नीहरू पनि र दुई दिदी बहिनीहरूलाई एकैसाथ बिहे गर्नु पनि त्याज्य छ । तर विगतमा जे भयो भइसक्यो । निःसन्देह अल्लाह क्षमा गर्नेवाला र दयावान छ । ( सूरतुन् निसा २३ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : दूध खुवाउनुबाट त्यस्तै ( विवाह गर्नु ) हराम भइहाल्छ जसरी आफ्नो वंशजबाट हराम हुन्छ । ( बुखारी, मुस्लिम )

२०- जुन महिलासित पुरुषको लेआन भइसकेको होस् त्यो पनि सदैंवको लागि हराम भयो ।

**लेआन :** श्रीमान र श्रीमती बीच दोषारोपण र व्यभिचारको आक्षेप लगाए पश्चात दुवैलाई कसम खुवाई लेआन गरिनछ, अनि दुवैजना एक आर्काको लागि सदैंवको लागि हराम भइहाल्छन् । यदि उनी पुन: विवाह गर्न चाहुन् तै पनि गर्ने अनुमति छैन ।

## <u>ती महिलाहरूको विवरण जुन केही समयको लागि हराम हुन्छन्</u>

१- साली, स्वास्नीको बहिनी । यो त्यस बखत समम हराम छे जब सम्म त्यसको बहिनी तपाईको निकाहमा छे । सम्बन्ध विच्छेद वा त्यसको मृत्यु पशचात त्यसको बहिनीसित विवाह गर्नु जायज भइहाल्छ । अल्लाहको फर्मान छ :

﴿ حُرِّمَتْ عَلَيْكُمْ أُمَّهَٰتُكُمْ وَبَنَاتُكُمْ
وَأَخَوَٰتُكُمْ وَعَمَّٰتُكُمْ وَخَٰلَٰتُكُمْ وَبَنَاتُ ٱلْأَخِ
وَبَنَاتُ ٱلْأُخْتِ وَأُمَّهَٰتُكُمُ ٱلَّٰتِىٓ أَرْضَعْنَكُمْ
وَأَخَوَٰتُكُم مِّنَ ٱلرَّضَٰعَةِ وَأُمَّهَٰتُ نِسَآئِكُمْ

وَرَبَٰٓئِبُكُمُ ٱلَّٰتِي فِي حُجُورِكُم مِّن نِّسَآئِكُمُ
ٱلَّٰتِي دَخَلۡتُم بِهِنَّ فَإِن لَّمۡ تَكُونُواْ دَخَلۡتُم بِهِنَّ
فَلَا جُنَاحَ عَلَيۡكُمۡ وَحَلَٰٓئِلُ أَبۡنَآئِكُمُ ٱلَّذِينَ
مِنۡ أَصۡلَٰبِكُمۡ وَأَن تَجۡمَعُواْ بَيۡنَ ٱلۡأُخۡتَيۡنِ
إِلَّا مَا قَدۡ سَلَفَۗ إِنَّ ٱللَّهَ كَانَ غَفُورٗا رَّحِيمٗا ٢٣

النساء: ٢٣

अर्थ : तिम्रो लागि तिम्रा आमाहरू र छोरीहरू र दिदी बहिनीहरू र तिम्रा फूफूहरू र तिम्रा सानी आमा, ठूली आमाहरू र भतिजीहरू र भान्जीहरू र तिम्रा ती आमाहरू जसले कि तिमीलाई दूध खुवाएका छिन्, र (रेजाई) दिदीबहिनीहरू र तिम्रा सासूहरू र तिमीले तिम्रो गोदमा लालन पालन गरेको छोरीहरू जुन संभोग गरेको महिलाबाट जन्मेका छिन् तिम्रो लागि वर्जित छिन् । हो यदि तिमीले तिनीहरूसँग (केटीको आमासँग) यौन सम्बन्ध गरेका छैनौ भने तिमीलाई कुनै गुनाह छैन, र तिम्रा साख्खै छोराहरूका स्वास्नीहरू पनि र दुई दिदी बहिनीहरूलाई एकैसाथ बिहे गर्नु पनि त्याज्य छ । तर विगतमा जे भयो भइसक्यो

। निःसन्देह अल्लाह क्षमा गर्नेवाला र दयावान छ । ( सूरतुन् निसा २३ )

२- स्वास्नीकी फूफू र खाला ।

यिनीसित त्यस समय सम्म विवाह गर्नु सम्भव छैन जब सम्म यिनकी भान्जी भतिजी तपाईको निकाहमा हुन्, यदि निकाह भंग भयो भने वा त्यसको मृत्यु भयो भने मात्र त्यसकी खाला र फूफूसित निकाह गर्नु जायज छ । हदीसमा छ कि :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाही गर्नु भएको छ कि कुनै स्त्री र त्यसको खाला वा फूफूको निकाह कुनै एउटै मान्छेको साथ गरियोस् । ( बुखारी, मुस्लिम )

३- कसै आर्काकी स्वास्नी यहाँसम्म कि त्यसको सम्बन्ध विच्छेद भइजाओस् ।

४- स्वास्नीको भाइ र दिदी बहिनीको छोरीहरूबाट यहाँसम्म कि यो निकाह भंग भइहालोस् वा त्यसको मृत्यु भइहालोस् । किनकि तपाईको स्वास्नी तिनीहरूकी फूफू अथवा खाला हो र माथि वर्णन भइसकेको छ कि स्त्रीलाई त्यसको खाला वा फूफूसंगै निकाहमा एकत्रित गर्नु हराम छ ।

५- मुश्रिक, काफिर, मजुसी, मूर्तिपूजकसित निकाह गर्नु जायज छैन यहाँ सम्मकि तिनीहरू इस्लाम कबूल गरुन् ।

६- तीन तलाक पश्चात इद्दतमा बसेकी युवतीसित यहाँ सम्मकि त्यसको इद्दत पूर्ण भइहालोस् ।

७- हज्ज र उमराको एहराममा भएकी युवतीसित यहाँ सम्मकि त्यसलाई सिद्ध गरेर हज्ज र उमरा पूर्ण गरोस् । हदीसमा छ :

अर्थ : मुहरिम (एहराम लगाएको व्यक्ति) नत विवाह गरोस् न उसको विवाह गराइयोस् । ( मुस्लिम )

८- यस्तो युवती जुन कसैबाट तीन तलाक पाएको होस् अब जसले तलाक दिएको छ त्यसको लागि यस युवतीसित विवाह गर्नु त्यस बखतसम्म जायज छैन जब सम्म त्यो युवती कुनै आर्को मान्छेसित विवाह गरे पश्चात त्यसबाट पनि तलाक नपाओस् । अल्लाहको फर्मान छ:

﴿ فَإِن طَلَّقَهَا فَلَا تَحِلُّ لَهُۥ مِنۢ بَعۡدُ حَتَّىٰ تَنكِحَ زَوۡجًا غَيۡرَهُۥۗ فَإِن
طَلَّقَهَا فَلَا جُنَاحَ عَلَيۡهِمَآ أَن يَتَرَاجَعَآ إِن ظَنَّآ أَن يُقِيمَا حُدُودَ
ٱللَّهِۗ وَتِلۡكَ حُدُودُ ٱللَّهِ يُبَيِّنُهَا لِقَوۡمٖ يَعۡلَمُونَ ٢٣٠ ﴾ البقرة: ٢٣٠

अर्थ : फेरि यदि पतिले तेस्रो पटक तलाक दिन्छ भने त्यसपछि जबसम्म ती स्वास्नी मानिसले कुनै अर्को मानिससँग विवाह न गरिहालोस् । पहिलो पतिको निम्ति स्वीकार्य हुँदैन । र यदि दोस्रो पतिले पनि (आफ्नो इच्छाले) तलाक दिन्छ भने  स्वास्नी र उसको पहिलो पतिले पुनर्विवाह गर्न सक्दछन्, यसमा दुवैमाथि कुनै गुनाह छैन, यस शर्तमा कि दुवैलाई विश्वास होस् कि अल्लाहका सीमाहरू कायम राख्न सक्ने छन् । यी अल्लाहका सीमाहरू हुन्, जसलाई उसले जान्न चाहने मानिसहरूको निम्ति वर्णन गर्दछ । ( सूरतुल् बकरः २३० )

९- व्यभिचारिणी महिलासित निकाह गर्नु त्यस बखत सम्म हराम छ जब सम्म त्यो आफ्नो यस कुकर्मबाट तौबा नगरोस् । अल्लाहको फर्मान छ :

﴿ ٱلزَّانِي لَا يَنكِحُ إِلَّا زَانِيَةً أَوْ مُشْرِكَةً وَٱلزَّانِيَةُ لَا يَنكِحُهَآ إِلَّا زَانٍ أَوْ مُشْرِكٌ ۚ وَحُرِّمَ ذَٰلِكَ عَلَى ٱلْمُؤْمِنِينَ ﴿٣﴾ ﴾ النور: ٣

अर्थ : व्यभिचारी मानिस कुनै व्यभिचारिणी वा बहुदेववादी (मुश्रिक) स्त्रीसित नै विवाहको सम्बन्ध जोड्दछ, र यसैप्रकार व्यभिचारिणी स्त्री कुनै व्यभिचारी वा बहुदेववादी पुरुषसंग मात्र आफ्नो विवाहका सम्बन्ध जोड्दछे, र

मोमिनहरूका लागि यी दुबै हराम गरी दिइएका छन् । ( सूरतुन्नूर ३ )

उपरोक्तमा वर्णन गरिएकी स्त्रीहरू बाहेक मुसलमान मान्छे जससित चाहोस् विवाह गरोस् । र यहूदी र ईसाईहरूको स्त्रीहरूसित पनि केही शर्तको साथ निकाह गर्नु जायज छ जस्तोकि अल्लाहको भनाई छ :

﴿ ٱلۡيَوۡمَ أُحِلَّ لَكُمُ ٱلطَّيِّبَٰتُۖ وَطَعَامُ ٱلَّذِينَ أُوتُواْ ٱلۡكِتَٰبَ حِلّٞ لَّكُمۡ وَطَعَامُكُمۡ حِلّٞ لَّهُمۡۖ وَٱلۡمُحۡصَنَٰتُ مِنَ ٱلۡمُؤۡمِنَٰتِ وَٱلۡمُحۡصَنَٰتُ مِنَ ٱلَّذِينَ أُوتُواْ ٱلۡكِتَٰبَ مِن قَبۡلِكُمۡ إِذَآ ءَاتَيۡتُمُوهُنَّ أُجُورَهُنَّ مُحۡصِنِينَ غَيۡرَ مُسَٰفِحِينَ وَلَا مُتَّخِذِيٓ أَخۡدَانٖۗ وَمَن يَكۡفُرۡ بِٱلۡإِيمَٰنِ فَقَدۡ حَبِطَ عَمَلُهُۥ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ ٥ ﴾ المائدة: ٥

अर्थ : आज तिम्रो निम्ति सम्पूर्ण पवित्र कुराहरू हलाल गरिएका छन् र अहले किताब (यहूदि, ईसाई)ले जब्ह गरेको मासु वा खाना पनि तिमीलाई हलाल छ र तिमिले जब्ह गरेको मासु वा भोजन उनीहरूका लागी हलाल छन् । पवित्र मोमिन स्वास्नी मानिसहरू र ती मानिसहरू जसलाई तिमी भन्दा पहिला किताब प्रदान

गरिएको थियो तिनीहरूका पवित्र स्वास्नी मानिसहरू पनि हलाल छिन्, जब कि तिनको मोहर तिमीले दिन्छौ, यसरी कि तिनीहरूसँग पवित्र सम्बन्ध राख्ने उद्देश्यले विवाह गर्नु होस् न कि खुल्लमखुल्ला वा लुकीछिपी व्यभिचार गर्ने उद्देश्यले । यदि कसैले ईमान त्यागछ भने त्यसका सबै कर्महरू निरर्थक छन् र आखिरतमा (अन्तिम दिनमा) तिनीहरू नोक्सानी भोग्नेहरूमा हुनेछन् ।
( सूरतुल् माएद: ५ )

प्रिय भाइहरू ! उपरोक्तमा मैले विवाहबारे केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरू प्रस्तुत गरेको छु, जसबाट हामीलाई विवाहको महत्व र त्यसको विधिहरूबारे ज्ञान मिल्छ । अब हाम्रो कर्तव्य छ कि हामी त्यसलाई कार्यन्वयन गरौं र आफ्नो समाज र जीवनमा लागू गरौं, यसैमा हाम्रो लोक परलोकको लाभ नीहित छ, र यसैमा गतिशील रही हामी आफ्नो जीवनलाई सन्तुष्टि र शान्तिको साथ व्यतीत गर्न सक्छौं । र आफ्नो समाज एवं देशको प्रगति र उन्नतिमा भागिदार बन्न सक्छौं ।

आज हाम्रो समाजमा दीनदार महिलाको अभाव देखिन्छ यसको कारण हो हामीले दीनदार स्वास्नी र बुहारी खोज्दैनौं बरु हामीलाई त गाडी ल्याउने बुहारी र स्वास्नी चाहियो । अनि गाडी नल्याएकी

स्वास्नी र बुहारीलाई कष्टदायक यातना र सजाय दिइन्छ र यो दिनहुंको कुरो हो ।

तर मेरो प्रश्न यो छ कि यस्तो किन गरिन्छ के स्वास्नी र बुहारी मनुष्य होइनन् ? के उनीहरूको दोष यो होकि उनीहरूलाई अल्लाहले स्त्री बनाएर जन्माएको छ ? के उनीहरूको कुनै आदर सम्मान छैन ? के उनीहरूको छातीमा हृदय छैन जुन दुखछ ? यस्तो रीति र संस्कृति मुसलमानहरूमा कहाँबाट अयो ? यो त इस्लाममा हराम छ ।

हे भाइ दाइजो लिनु दिनु इस्लाममा अवैध छ, र यसलाई लिनुको प्रमाण इस्लामबाट कतै भेटिदैन अनि यो रोग मुसलमानहरूमा कहाँबाट आयो ? यो दाइजो नै हो जसको कारण आज हाम्रो समाजमा केटीलाई हेलाको दृष्टिले हेरिन्छ र त्यसको हत्या गरिन्छ, त्यसलाई यातना दिइन्छ । हे भाइहरू हो ! यदि हामी इस्लामीय निर्देशनलाई अपनाई दीनदनरीलाई प्राथमिक्ता दिन आरम्भ गरौं भने वैवाहिक जीवनका समस्त समस्याहरूको समाधान आफै भई हाल्छ । अनि नत स्त्रीहरूको अवहेलना हुनेछ नत त्यसमाथि अन्याय र अत्याचार हुनेछ । बरु त्यो फेरि कल्याणीको उपाधि पाउनेछे र फेरि हाम्रो परिवारमा सुख शान्तिको बास हुनेछ ।

हे भाइ ! उपरोक्तका निर्देशनहरूको ध्यानपूर्वक अध्ययन गरी त्यस बमोजिम विवाह गर्ने प्रयास गर, र आफ्नो जहान परिवारलाई प्रफुल्लित हेर, र लोक परलोकको लाभ उठाई अनन्त शान्तिको उपभोग गर ।

मलाई आशा छ कि यो लेख तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ र यसबाट हाम्रो समाजमा सुधार आउने छ र हाम्रो दिदी बहिनीहरूको मान सम्मान फिर्ता मिल्नेछ र उनीहरूमाथि हुने अन्याय, अत्याचार र हिंसाको अन्त्य हुनेछ, र उनीहरूलाई त्यही दर्जा र श्रेणी मिल्नेछ जुन उनीहरूलाई इस्लामले प्रदान गरेको छ र रसूल सल्लल्लाहो अलैहे वसल्लमको युगमा मिलेको थियो । र जुन हाम्रो समाजमा केटीलाई आमाको गर्भाष्यमा नै मारिन्छ यसको अन्त हुनेछ किनकि अल्लाहको फर्मान छ :

﴿ وَإِذَا ٱلۡمَوۡءُۥدَةُ سُئِلَتۡ ۝٨ بِأَيِّ ذَنۢبٖ قُتِلَتۡ ۝٩ ﴾

التكوير: ٨ - ٩

अर्थ : र जब जिउँदै गाडिएको केटीसंग सोधिनेछ, । कि कुन गुनाहको कारण उसलाई मारिएको थियो । ( सूरतुत्तकवीर ८,९ )

त इस्लामभन्दा पहिलाको युगमा केटीलाई जीवितै गाडिन्थ्यो आज गर्भमै मारिन्छ र दुवैको पाप एकनास छ, यो महा पाप कदाचित यस

लेखलाई पढेर यदि एउटा मान्छेले त्याग्यो भने मेरो यस पुस्तकलाई लेख्ने उद्देश्य पूर्ण भइहाल्छ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# ***समाप्त***

***लेखक***

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

कपिलवस्तु नगर पालिका वॉड नं.९
महुवा तौलिहवा कपिलवस्तु
नेपाल
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254
Email-
atiqkhannp1982@yahoo.com